# माछापुच्छ्रे गाउँपालिका
# गाउँसभाको सचिवालय

लाहाचोक, कास्की
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: ०८२/८३
चलानी नं.:

## माछापुच्छ्रे गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशन

**विषयः कार्यसूची सम्बन्धमा ।**

मिति - २०८३/०३/२७
**बैठक संख्याः ३**

| कार्यसूची नं. | समय (दिनको) | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १. | ११:०० | मध्यमकालीन खर्च संरचना (आर्थिक बर्ष २०८३/८४-२०८५/८६)-उपर छलफल र स्वीकृतका लागि प्रस्तुत | उपाध्यक्ष श्री सीता अधिकारी |
| २. | ११:३० | माछापुच्छ्रे गाउँपालिकाको आर्थिक बर्ष २०८३/८४ को वजेट वक्तव्य,२०८३, अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक-२०८३, तथा संसोधन सहितको विनियोजन बिधेयक-२०८३, उपर छलफल र स्वीकृतीका लागि प्रस्तुत | उपाध्यक्ष श्री सिता अधिकारी |
| ३. | १२:०० | माछापुच्छ्रे गाउँपालिकाको लेखा समितिको प्रतिवेदन-२०८३ उपर छलफल र स्वीकृतका लागि प्रस्तुत | लेखा समितिको संयोजक श्री बैकुण्ठ प्रसाद भण्डारी |
| ४. | १२:३० | न्यायिक समितिको बार्षिक प्रतिवेदन,२०८२/८३ | उपाध्यक्ष श्री सिता अधिकारी |
| ५. | १२:५० | योजना अनुगमन समितिको बार्षिक प्रतिवेदन, २०८२/८३ | उपाध्यक्ष श्री सिता अधिकारी |
| ६. | १:०० | माछापुच्छ्रे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणको दरबन्दी तेरिज प्रदेश सरकारको राय सुझाव सहित पारित गर्न कार्यपालिकालाई स्वीकृत दिने प्रस्ताव उपर छलफल र स्वीकृतका लागि पेश | सुशासन समितिका संयोजक श्री गणेश आचार्य |

मिन बहादुर गुरुङ
अध्यक्ष

मिन बहादुर गुरुङ
अध्यक्ष

## गाउँसभाको १९ औं अधिवेशनको मिति २०८२/०३/२७ गतेको तेस्रो बैठकको कार्यसूची वमोजिमका निर्णयहरु :

गाउँपालिका
गाउँपालिकाको कार्यालय
लाहाचोक, कास्की
गण्डकी प्रदेश, नेपाल

१. कार्यसूची १ बमोजिमको निर्णय:-

- सभाध्यक्ष श्री मिन बहादुर गुरुङले गाउँसभाको १७ औं अधिवेशनको तेस्रो वैठक प्रारम्भ भएको जानकारी गराउँदै माछापुच्छ्रे गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (आर्थिक बर्ष २०८३/८४ – २०८५/८६) सम्बन्धी प्रस्ताव सभा समक्ष पेश गर्न उपाध्यक्ष सीता अधिकारीलाई अनुमति दिनु भयो ।
- सभाध्यक्ष श्री मिन बहादुर गुरुङको अनुमतिले उपाध्यक्ष सीता अधिकारीलाई माछापुच्छ्रे गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (आर्थिक बर्ष २०८३/८४ – २०८५/८६) सम्बन्धी प्रस्ताव उपर सभामा छलफल गरियोस भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नु भयो ।
- सभाध्यक्ष मिन बहादुर गुरुङले माछापुच्छ्रे गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (आर्थिक बर्ष २०८३/८४ – २०८५/८६) माथिको छलफल प्रारम्भ भएको जानकारी गराउँदै छलफलमा भाग लिन चाहनु हुने सदस्यहरुलाई ३ मिनेट उपलब्ध गराउनु भयो ।
- छलफलमा कुनै पनि गाउँसभा सदस्यहरुले भाग नलिए पछि सभाध्यक्ष मिन बहादुर गुरुङले उपाध्यक्ष सीता अधिकारीलाई माछापुच्छ्रे गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (आर्थिक बर्ष २०८३/८४ -- २०८५/८६) पारित गरियोस भन्ने प्रस्ताव राख्न अनुमति दिनु भयो ।
- सभाध्यक्ष मिन बहादुर गुरुङले उपाध्यक्ष सिता अधिकारीले माछापुच्छ्रे गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (आर्थिक बर्ष २०८३/८४ – २०८५/८६) पारित गरियोस भन्ने प्रस्ताव निर्णयार्थ सभा समक्ष पेश गर्दा माछापुच्छ्रे गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (आर्थिक बर्ष २०८३/८४ – २०८५/८६) सर्वसम्मतिले स्वीकृत भयो ।

२. कार्यसूची २ बमोजिमको निर्णय :

- सभाध्यक्ष श्री मिन बहादुर गुरुङले मिति २०८३/०३/१० गते उपाध्यक्ष सीता अधिकारीले गाउँसभाको १९ औं गाउँसभाको दोस्रो वैठकमा प्रस्तुत गर्नु भएको माछापुच्छ्रे गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य, २०८३ अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,२०८३ तथा संशोधन सहितको विनियोजन विधेयक २०८३ उपर छलफल गरियोस भन्ने प्रस्ताव सभामा प्रस्तुत गर्न गाउँ सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ को दफा २० बमोजिम गाउँपालिकाका उपाध्यक्ष श्री सीता अधिकारीलाई अनुमति दिनु भयो ।
- सभाध्यक्ष मिन बहादुर गुरुङले उपाध्यक्ष सीता अधिकारीले सभा समक्ष प्रस्तुत गर्नु भएको माछापुच्छ्रे गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य २०८३, अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ तथा संशोधन सहितको विनियोजन विधेयक, २०८३ माथि दफावार छलफल प्रारम्भ गर्दै छलफलमा भाग लिन समय दिनु भयो ।
- छलफलमा कुनै पनि गाउँसभा सदस्यहरुले भाग नलिए पछि माछापुच्छ्रे गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य २०८३, अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

२०८३, तथा संशोधन सहितको विनियोजन विधेयक, २०८३ उपर प्रस्ताव पारित गरियोस भन्ने प्रस्ताव राख्न उपाध्यक्ष श्री सीता अधिकारीलाई अनुमति दिनु भयो ।

- सभाध्यक्षज्यूले माछापुच्छ्रे गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य, २०८३, अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,२०८३ तथा संशोधन सहितको विनियोजन विधेयक, २०८३ निर्णयार्थ पेश गरिएको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

३. अनुसूची ३ वमोजिमको निर्णय :

- सभाध्यक्षज्यूको अनुमतिले गाउँसभाको पहिलो वैठकमा उपाध्यक्ष सीता अधिकारीले बेरुजु फस्यौंट सम्बन्धी प्रस्ताव उपर छलफल गरी लेखा समितिमा पठाइयोस भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सभाले सर्वसम्मत स्वीकृत भएको प्रस्ताव वमोजिम माछापुच्छ्रे गाउँपालिकाको लेखा समितिको प्रतिवेदन २०८३ अर्थात महालेखा परीक्षकको कार्यालयद्धारा औंल्याइएका गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नियमित गर्नु पर्ने बेरुजु फस्यौंट तथा आ.ब. २०८१/८२ को नियमित गर्नु पर्ने वेरुजु फस्यौंट सम्बन्धी प्रस्ताव लेखा समितिका संयोजक श्री वैकुण्ठ प्रसाद भण्डारीले सभा समक्ष पेश गर्नु भयो ।
- सभाध्यक्षज्यूको अनुमतिले लेखा समितिका संयोजक श्री वैकुण्ठ प्रसाद भण्डारीलाई माछापुच्छ्रे गाउँपालिकाको लेखा समितिको प्रतिवेदन २०८३ अर्थात महालेखा परीक्षकको कार्यालयद्धारा औंल्याइएका गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नियमित गर्नु पर्ने बेरुजु फस्यौंट तथा आ.ब. २०८१/८२ को नियमित गर्नु पर्ने वेरुजु फस्यौंट सम्बन्धी प्रस्ताव सभामा छलफल गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्नु भयो ।
- सभाध्यक्षज्यूले लेखा समितिका संयोजक श्री वैकुण्ठ प्रसाद भण्डारीलाई माछापुच्छ्रे गाउँपालिकाको लेखा समितिको प्रतिवेदन, २०८३ अर्थात महालेखा परीक्षकको कार्यालयद्धारा औंल्याइएका गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नियमित गर्नु पर्ने बेरुजु फस्यौंट तथा आ.ब. २०८१/८२ को नियमित गर्नु पर्ने वेरुजु फस्यौंट सम्बन्धी प्रस्ताव उपर छलफल प्रारम्भ भएको जानकारी गराउँदै छलफलमा भाग लिने गाउँसभा सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गर्नु भयो ।
- छलफलमा कुनै पनि सदस्यहरुले भाग नलिए पछि सभाध्यक्षज्यूको अनुमतिले लेखा समितिका संयोजक श्री वैकुण्ठ प्रसाद भण्डारीलाई माछापुच्छ्रे गाउँपालिकाको लेखा समितिको प्रतिवेदन, २०८३ अर्थात महालेखा परीक्षकको कार्यालयद्धारा औंल्याइएका गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नियमित गर्नु पर्ने बेरुजु फस्यौंट तथा आ.ब. २०८१/८२ को नियमित गर्नु पर्ने वेरुजु फस्यौंट सम्बन्धी प्रस्ताव पारित गरियो भन्ने प्रस्ताव पेश गर्नु भयो ।
- लेखा समितिका संयोजक श्री वैकुण्ठ प्रसाद भण्डारीलाई माछापुच्छ्रे गाउँपालिकाको लेखा समितिको प्रतिवेदन, २०८३ अर्थात महालेखा परीक्षकको कार्यालयद्धारा औंल्याइएका गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नियमित गर्नु पर्ने बेरुजु फस्यौंट तथा आ.ब. २०८१/८२ को नियमित गर्नु पर्ने वेरुजु फस्यौंट सम्बन्धी प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

४. कार्यसूची ४ बमोजिमको निर्णय

- सभाध्यक्षज्यूले आर्थिक बर्ष २०८२/८३ को न्यायिक समितिको बार्षिक प्रतिवेदन प्रस्तुत गर्न उपाध्यक्ष एवम् न्यायिक समितिका संयोजक सिता अधिकारीलाई अनुमति दिनु भयो ।
- सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष एवम् न्यायिक समितिका संयोजक सीता अधिकारीले आर्थिक वर्ष २०८२/८३ को न्यायिक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।
- उपाध्यक्ष एवम् न्यायिक समितिका संयोजकबाट सभामा पेश भएको आर्थिक बर्ष २०८२/८३ को बार्षिक प्रतिवेदनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन गरी सभामा जानकारी गराउन कार्यापालिकाको ध्यानाकर्षण गराउँछु भनि सभाध्यक्षले निर्देशन दिनु भयो ।

५. अनुसूची ५ बमोजिमको निर्णय

- सभाध्यक्षज्यूले आर्थिक बर्ष २०८२/८३ को योजना अनुगमन समितिको बार्षिक प्रतिवेदन प्रस्तुत गर्न उपाध्यक्ष एवम् न्यायिक समितिका संयोजक सिता अधिकारीलाई अनुमति दिनु भयो ।
- सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष एवम् योजना अनुगमन समितिका संयोजक सीता अधिकारीले आर्थिक वर्ष २०८२/८३ को न्यायिक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।
- उपाध्यक्ष एवम् योजना अनुगमन समितिका संयोजकबाट सभामा पेश भएको आर्थिक बर्ष २०८२/८३ को बार्षिक प्रतिवेदनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन गरी सभामा जानकारी गराउन कार्यापालिकाको ध्यानाकर्षण गराउँछु भनि सभाध्यक्षले निर्देशन दिनु भयो ।

६. कार्यसूची ६ बमोजिमको निर्णय

- सभाध्यक्षज्यूले माछापुच्छ्रे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी तेरिज प्रदेश सरकारको राय सुझाव सहित कार्यपालिकालाई स्वीकृत उपर छलफल सम्बन्धी प्रस्ताव सभा समक्ष पेश गर्न सुशासन समितिका संयोजक श्री गणेश आचार्यलाई अनुमति दिई सुशासन समितिका संयोजक श्री गणेश आचार्यले माछापुच्छ्रे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी तेरिज प्रदेश सरकारको राय सुझाव लिई सोही अनुसार निर्णय गर्न कार्यपालिकालाई स्वीकृत प्रदान गरियोस भन्ने प्रस्ताव सभा समक्ष पेश गर्नु भयो ।
- सभाध्यक्षज्योको अनुमतिले माछापुच्छ्रे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी तेरिज प्रदेश सरकारको राय सुझाव सहित कार्यपालिकालाई स्वीकृत उपर छलफल सम्बन्धी प्रस्ताव उपर छलफल गरियोस भन्ने प्रस्ताव सुशासन समितिका संयोजक गणेश आचार्यले सभा समक्ष पेश गर्नु भयो ।
- सभाध्यक्षज्यूले माछापुच्छ्रे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी तेरिज प्रदेश सरकारको राय सुझाव सहित कार्यपालिकालाई स्वीकृत उपर छलफल प्रारम्भ भएको जानकारी गराउँदै प्रत्येक सभा सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरी आ-आफ्नो भनाई राख्न समय दिनु भयो ।

माछापुच्छ्रे गाउँपालिकाको कार्यालय
लाहाचोक, कास्की
गण्डकी प्रदेश, नेपाल

...बहादुर गुरुङ

- सभाध्यक्षज्यूले छलफलमा कुनै पनि सदस्यले भाग नलिए पछि निर्णयार्थ पेश गर्दा माछापुच्छ्रे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी तेरिज प्रदेश सरकारको राय सुझाव सहित प्राप्त भएपछि कार्यपालिकाले स्वीकृत गर्न अनुमति दिने सर्वसम्मतिले स्वीकृत भयो ।

गिन बहादुर गुरुङ
अध्यक्ष

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की
गण्डकी प्रदेश, नेपाल